# हरिवन नगरपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दोस्रो संशोधन, २०८२

नगर कार्यपालिकाबाट स्वीकृतः २०८२।०२।२६

**हरिवन नगरपालिका सर्लाही**

**मधेश प्रदेश, नेपाल**

# हरिवन नगरपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दोस्रो संशोधन, २०८२

**प्रस्तावनाः**

हरिवन नगरपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दोस्रो संशोधन गर्न बाञ्छनीय भएकोले हरिवन नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेकोछ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस संशोधनको नाम **"हरिवन नगरपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दोस्रो संशोधन, २०८२"** रहेको छ।

२. दफा २. परिभाषा खण्ड ग. "कार्यविधि" भन्नाले हरिवन नगरपालिकामा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ सम्झनु पर्दछ भन्ने वाक्यांशमा **प्राविधिक र अन्य** शब्द हटाइएको छ।

३. दफा २. परिभाषा खण्ड ङ. "प्राविधिक र अन्य कर्मचारी" भन्नाले दफा ३(२) बमोजिम सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ भन्ने वाक्यांशमा **प्राविधिक र अन्य** शब्द हटाइएको छ।

४. दफा २. परिभाषा खण्ड च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तर्वार्ता तथा सूचिकरण समिति सम्झनु पर्दछ भन्ने वाक्यांशमा **५ पछि क** थपिएको छ र **अन्तर्वार्ता तथा सूचीकरण** शब्द हटाइ **पदपूर्ति** शब्द थपिएको छ।

५. दफा ३ को उपदफा (१) हटाइ देहाय बमोजिम उपदफा (१) क कायम गरिएको छ।

**३. कार्यविधि लागू हुने क्षेत्र र सेवा** (१)क स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १४ र १५ बमोजिम कर्मचारी करारमा राख्ने प्रयोजनको लागि तथा सङ्घीय वा प्रदेश सरकारको आयोजना वा कार्यक्रम अन्तरगतका स्वीकृत अस्थायी दरवन्दीहरुमा करारमा कर्मचारी राख्ने प्रयोजनार्थ यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

६. दफा ३ को उपदफा (२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक *र अन्य कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछ : भन्ने वाक्यांशमा **प्राविधिक *र अन्य** शब्द हटाइएको छ।

७. दफा ४ छनौट सम्बन्धी व्यवस्था हटाइ देहाय बमोजिमको दफा ४ (क) तथा ४ (ख) थपिएको छ।

**४ (क). छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(१) कर्मचारीको अनुसूची- १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्तसमेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची- २ बमोजिमको ढाँचामा कम्तिमा ७ देखि १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन माग गर्दा छनौट परीक्षामा सहभागि हुने उम्मेदवारहरुको शैक्षिक योग्यता सङ्घीय लोक सेवा आयोगले सम्बन्धित पदको लागि निर्धारण गरे बमोजिमको हुनेछ।

(३) आवेदन फारामको नमूना अनुसूची-३ बमोजिम हुनेछ। आवेदन दस्तुर लोक सेवा आयोगले सम्बन्धित पदको लागि तोकेको दस्तुर वा नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिंग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन्।

(५) उपदफा (१) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५(क) बमोजिमको समितिले निर्णय गरी योग्यताक्रमको सूचि प्रकाशन गर्नु पर्नेछ :-

क. लिखित परीक्षा वापत - ५० (पचास) अङ्क

ख. शैक्षिक योग्यता वापत - १० (दश) अंक, (प्रथम श्रेणी वापत १० अङ्क, द्वितीय श्रेणी वापत ७ अङ्क, त्रितीय श्रेणी वापत ५अङ्क, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)।

ग. कार्य अनुभव वापत - १० (दश) अंक (प्रति वर्ष १ अङ्कको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।

घ. स्थानीय बासिन्दालाई देहाय बमोजिम १० (दश) अङ्क

१. हरिवन नगरपालिकाको बासिन्दा भएमा - १० अङ्क

२. सर्लाही जिल्लाको बासिन्दा भएमा - ५ अङ्क

ङ. अन्तवार्तामा अधिकतम १० अङ्क

यस अनुसार अङ्क प्रदान गर्दा न्युनतम ४ (चार) र अधिकतम ७ (सात) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ। सो सीमाभन्दा घटी वा बढी अङ्क दिनु परेमा अनिवार्य रुपमा कारण खुलाउनु पर्नेछ। कारण नखुलाई अङ्क प्रदान गरेको भए सीमा भन्दा कम प्रदान गरेको भए आठ अङ्क र सीमा भन्दा बढी प्रदान गरेको भए चौध अङ्क गणना गरिनेछ।

च. प्रयोगात्मक/सीप परीक्षण वापत १० (दश) अङ्क:

प्रयोगात्मक/सीप परीक्षा आवश्यक नपर्ने भनी पदपूर्ति समितिले निर्धारण गरेको अवस्थामा प्रयोगात्मक/सीप परीक्षा वापतको अङ्क अन्तर्वार्तातर्फ थप गरी परीक्षा सञ्चालन गरिनेछ।

(६) लिखित परीक्षामा विषयगत तथा वस्तुगत प्रश्न रहनेछन्। परीक्षाको पाठ्यक्रम, प्रश्नपत्र तयारी, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण सम्वन्धी व्यवस्था सङ्घीय लोकसेवा आयोगको कार्यविधि बमोजिम वा पदपूर्ति समितिले निर्धारण गरे अनुसार हुनेछ।

(७) तहविहीन कर्मचारीको हकमा २० (बीस) अङ्कको सीप परीक्षण, १० (दश) अङ्कको अनुभव तथा २० (बीस) अङ्कको अन्तरवार्ता गरी कूल ५० (पचास) पूर्णाङ्कको छनौट विधि द्वारा छनौट गरिनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि तह विहीन कर्मचारीको हकमा माग पद संख्याको दोब्बर भन्दा बढी आवेदन दर्ता भएमा पदपूर्ति समितिको सिफारिसमा नगर कार्यपालिकाले स्वीकृत गरेको पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन गरी छनौट गर्न बाधा पर्ने छैन।

(९) उम्मेदवारले दरखास्त फारामसाथ पेश गरेका कागजात/प्रमाणपत्र झुठ्ठा तथा नक्कली भएको पाइएमा समितिले छनौट प्रक्रियाबाट निष्कासन गर्ने र छनौट भई करार सम्झौता भएको अवस्थामा समेत करार रद्द गरी कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्नेछ।

(१०) लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र प्रयोगात्कम/सीप परिक्षण तथा अन्तर्वार्ताका लागि छनौट हुनेछन्।

(११) परीक्षामा सहभागि उम्मेदवारले उत्तीर्ण हुनका लागि प्रत्येक विषयमा कम्तिमा चालिस प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ।

(१२) उम्मेदवारले परीक्षामा सहभागी हुन आउँदा प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ।

(१३) सेवा करारमा लिने पदको उमेर हद सम्बन्धी व्यवस्था निम्नानुसार हुनेछः

क. तह विहिन र सहायकस्तरको अप्राविधिक पदको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

ख. सहायक स्तरको प्राविधिक पदको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

ग. अधिकृत स्तरको प्राविधिक तथा अप्राविधिक पदको हकमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

घ. विशेषज्ञ चिकित्सक तथा अन्य प्राविधिक र कानूनी परामर्श सेवाको हकमा २५ बर्ष पुरा भई ५० बर्ष ननाघेको।

**४(ख). अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) दफा ४(क) को उपदफा (५) बमोजिम उम्मेदवारले प्राप्त गरेको अङ्कको आधारमा पदपूर्ति समितिले उत्तीर्ण उम्मेदवारहरुको योग्यताक्रमको सूची कायम गरी प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरुले बराबर अङ्क प्राप्त गरेको अवस्थामा शैक्षिक योग्यताको लब्धाङ्क पत्रमा उल्लिखित लब्धाङ्क प्रतिशतलाई आधार मानी अन्तिम योग्यताक्रम निर्धारण गर्नु पर्नेछ।

(३) उपदफा (२) को आधारमा योग्यताक्रम निर्धारण गर्दा लब्धाङ्क प्रतिशत समेत बराबर रहेको अवस्थामा क्रमशः अनुभवको अवधि, माथिल्लो तहको शैक्षिक योग्यतामा प्राप्त गरेको अङ्क प्रतिशत र उमेरको जेष्ठतालाई आधार मानी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कायम हुने अन्तिम योग्यताक्रमको सूचीबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई दफा ५(क) बमोजिमको समितिको सिफारिशको आधारमा कार्यालयले

उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्याको दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूचिसमेत प्रकाशन गर्नु पर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूचि सूचनापाटीमा समेत टाँस गर्नु पर्नेछ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ।

(६) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेखसमेत राख्नु पर्नेछ।

८. दफा ५ अन्तर्वार्ता र सूचीकरण समिति हटाइ देहाय बमोजिमको दफा ५(क) थपिएको छ।

**५ (क). पदपूर्ति समिति** : दफा ३ बमोजिम करार कर्मचारी छनौट तथा पदपूर्तिको लागि सिफारिस गर्न देहाय बमोजिम पदपुर्ति समिति रहनेछ :-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा आठौं तहको अधिकृत | संयोजक |
| (ख) सम्वन्धित विषयगत शाखा प्रमुख | सदस्य |
| (ग) नगरप्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यक ठानेमा सम्बन्धित विषय क्षेत्रको विज्ञ सदस्य थप गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गठन भएको समितिका सदस्यहरुले मूल्याङ्कनका लागि बैठक बस्दा नगरपालिकाका अन्य समितिका सदस्यहरुले पाएसरहको बैठक भत्ता पाउनेछन्।

(४) समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ।

(५) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिले लिखित अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा आफैं वा विभिन्न समिति गठन गरी सञ्चालन गर्न सक्नेछ।

(७) दफा ४(क) को उपदफा (३) को खण्ड क., ङ. र च. अनुसार सञ्चालन हुने लिखित परीक्षा, अन्तर्वार्ता तथा प्रयोगात्मक/सीप परिक्षणमा सहभागी हुने पदाधारी तथा कर्मचारीहरुले नियमानुसार पाउने परीक्षा सञ्चालन खर्च लोकसेवा आयोग खर्च व्यवस्थापन कार्यविधि बमोजिम पाउनेछन्।

९. दफा ७ को उपदफा (३) : उपदफा (२) बमोजिम करार गरे पश्चात् अनुसूची - ५ बमोजिमको पत्र कार्यालयले प्राविधिक *र अन्य कर्मचारीलाई दिनु पर्नेछ भन्ने वाक्यांशमा **प्राविधिक *र अन्य** शब्द हटाइएको छ।

१०. दफा ७ को उपदफा (७) : प्राविधिक *र अन्य कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तिमा १ (एक) महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनःकरारमा काम गर्ने अवसर दिइने छैन भन्ने वाक्यांशमा **प्राविधिक *र अन्य** शब्द हटाएको छ।

११. दफा ८ को उपदफा (१) : यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका प्राविधिक *र अन्य कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ भन्ने वाक्यांशमा **प्राविधिक *र अन्य** शब्द हटाइएको छ।

१२. दफा ८ को उपदफा (३): यस कार्यविधि बमोजिम प्राविधिक *र अन्य कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि कुनै पनि दावी गर्न पाउने छैन भन्ने वाक्यांशमा **प्राविधिक र अन्य** शब्द हटाइएको छ।

१३. दफा ९ को उपदफा (२): करार सम्झौता गरिएको प्राविधिक *र अन्य कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ भन्ने वाक्यांशमा **प्राविधिक र अन्य** शब्द हटाइएको छ।

१४. अनुसूची १ कार्यविवरणको नमुना अन्तर्गत प्राविधिक र अन्य कर्मचारीको पद नाम शब्दमा **प्राविधिक र अन्य** शब्द हटाइएको छ।

१५. अनुसूची १ कार्यविवरणको नमुना अन्तर्गत प्राविधिक र अन्य कर्मचारीको नाम शब्दमा **प्राविधिक र अन्य** शब्द हटाइएको छ।

१६. अनुसूची २ प्राविधिक र अन्य कर्मचारी भन्ने शब्दमा **प्राविधिक र अन्य** शब्द हटाइएको छ साथै **दिनको २:०० बजेसम्म** शब्द हटाइ **कार्यालय समयमा** शब्द राखिएको छ र १५ (पन्द्र) दिन भित्र भन्दा अगाडी **७ (सात)-** शब्द थपिएको छ।